# सबैला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा

२ नं. प्रदेश,नेपाल
फोन :०४१-४०१०८१

पत्र संख्या :- ०७४/०७५
चलानी नं :- १०७६

मिति :-


## आवश्यकता

( सुचना प्रकाशित मिति :- २०७५।०१।१० )

यस नगरपालिकामा निम्न लिखित पदहरु खुल्ला प्रतियोगिताद्वारा सेवा करारमा लिनु परेको हुँदा योग्य नेपाली नागरिकहरुवाट दरखास्त आह्वान गरिन्छ । ईच्छुक उम्मेदवारले दरखास्त साथ आफुले प्राप्त गरेको शैक्षिक योग्यता, तालिम तथा नागरिकता प्रमाण पत्र र अनुभवको प्रतिलिपिहरु आफैले प्रमाणित गरी आवेदन दस्तुर वापतको रकम सबैला नगरपालिकाको राजश्व शाखामा जम्मा गरेको भौचर सहित यो सुचना प्रकाशित भएको १५ दिन भित्र कार्यालय समयमा यस नगरपालिकाको कार्यालयमा रित पुर्वक दरखास्त बुझाउनु पर्नेछ । रित नपुगेको र म्याद नाघी आएको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत सुचित गरिन्छ ।

| क. सं. | विज्ञापन नं. | पद | तह | सेवा,समुह, | खुल्ला/आन्तरिक | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | ०१।०७४।७५ | ईन्जिनियर | | प्राविधिक | सेवा करार | १(एक) |
| २ | ०२।०७४।७५ | सव ईन्जिनियर | | प्राविधिक | | २(दुई) |
| ३ | ०३।०७४।७५ | जे.टि.ए कृषि | | प्राविधिक | | ४(चार) |
| ४ | ०४।०७४।७५ | सुपरभाईजर | | प्राविधिक | | १(एक) |
| ५ | ०५।०७४।७५ | कार्यालय सहयोगी | | | | ७ (सात) |

१. आवश्यक न्युनतम शैक्षिक योग्यता

| क. सं. | विज्ञापन नं. | पद | तह | आवश्यक न्युनतम योग्यता |
|---|---|---|---|---|
| १ | ०१।०७४।७५ | ईन्जिनियर | | मान्यता प्राप्त शिक्षण संस्थावाट ईन्जिनियर (सिभिल) विषयमा स्नातक तह उतिर्ण गरेको तथा (NEC) मा दर्ता भएको |
| २ | ०२।०७४।७५ | सव ईन्जिनियर | | मान्यता प्राप्त शिक्षण संस्थावाट सव-ईन्जिनियर (सिभिल) विषयमा डिप्लोमा उतिर्ण गरेको तथा कार्यअनुभवको प्रमाण |
| ३ | ०३।०७४।७५ | जे.टि.ए कृषि | | मान्यता प्राप्त शिक्षण संस्थावाट कृषि विषय लिई प्राप्त गरेको |
| ४ | ०४।०७४।७५ | सुपरभाईजर | | मान्यता प्राप्त शिक्षण संस्थावाट प्रविणता प्रमाण पत्र तह वा +२ उतिर्ण गरी अंग्रेजी तथा नेपालीमा कम्प्युटर टाईपिंग गर्न सक्ने । |
| ५ | ०५।०७४।७५ | कार्यालय सहयोगी | | कम्तीमा आठ कक्षा उतिर्ण गरेको । |

२. संलग्न गर्नुपर्ने कागजातहरु : व्यक्तिगत विवरण (Bio-Data),नागरिकता प्रमाण पत्र,शैक्षिक योग्यताका प्रमाणपत्रहरु र अनुभवका प्रमाणपत्रहरु ।

३. बुदाँ नं.२मा उल्लेख भएका कागजातहरु एवंम आवेदन दस्तुर बुझाएको रसिदसंलग्न गरी स्वयं उपस्थित भई आवेदन दिनुपर्नेछ ।

४. आवेदन दस्तुर : ईन्जिनियर,सव- ईन्जिनियरको लागी रु.१,०००।- र अन्यका लागी रु.१००।-

राजुबाबु पुडासैनी
प्रमुख प्रशासकिय अधिकृत

# सबैला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा

२ नं. प्रदेश,नेपाल
फोन :०४१-४०१०८१

पत्र संख्या :- 074/075
चलानी नं. :- 1065

मिति :-

५. करार अवधि : २०७५ असाढ मसान्त सम्म ।

६. सेवा सुविधा : नगर कार्यपालिकाले तोके बमोजिम ।

७. नगरपालिका भित्रका महिला, दलित, अपाङ्ग, उम्मेदवारलाई प्राथमिकता दिईनेछ ।

८ सुचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट प्राप्त निर्देशन र प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा रहेको उममेदवार छनौट सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

पुनश्च :-

(5) उमेर :- १८ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको हुनुपर्नेछ ।

प्रमुख प्रशासकिय अधिकृत
सबैला नगरपालिका

प्रमुख प्रशासकिय अधिकृत